बैठक संख्या ८.

आज मिति २०७४ साल भाद्र १५ गते बिहिबारका दिन अर्जुनधारा नगरपालिका का नगरप्रमुख श्रीमान हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक बसी देहाय बमोजिम छलफल एवं निर्णय गरियो।

उपस्थिती

1. अध्यक्ष, श्री हरिकुमार राना, नगरप्रमुख
2. नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य, सदस्य
3. वडाअध्यक्ष (१), श्री गजाधर खतिवडा, सदस्य
4. वडाअध्यक्ष (२), श्री रघुनाथ खनाल, सदस्य
5. वडाअध्यक्ष (३), श्री जीवकुमार भण्डारी, सदस्य
6. वडाअध्यक्ष (४), श्री दुर्गाप्रसाद दाहाल, सदस्य
7. वडाअध्यक्ष (५), श्री ध्यान बहादुर भारती, सदस्य
8. वडाअध्यक्ष (६), श्री लोकनाथ गौतम, सदस्य
9. वडाअध्यक्ष (७), श्री नवराम दुङ्गाना, सदस्य
10. वडाअध्यक्ष (८), श्री गोपीचन्द्र गौतम, सदस्य
11. वडाअध्यक्ष (९), श्री पुष्पकुमार प्रसाई, सदस्य
12. वडाअध्यक्ष (१०), श्री वलदेवसिंह गोम्देन तामाङ, सदस्य
13. वडाअध्यक्ष (११), श्री भैरवबहादुर खड्का, सदस्य
14. श्री शारदा कुमारी भट्टराई, सदस्य
15. श्री लक्ष्मी तामाङ, सदस्य
16. श्री हरिमाया भण्डारी, सदस्य
17. श्री शकुन्तला बराल, सदस्य
18. श्री दिलमाया शिवा, सदस्य
19. श्री रिवनमान दर्जी, सदस्य
20. श्री रमेशकुमार दर्जी, सदस्य
21. श्री दिलिप गुरुङ, सदस्य
22. कार्यकारी अधिकृत श्री राधाकृष्ण खतिवडा, सदस्य सचिव

निर्णय नं. १.

चालु आ.व. ०७४/०७५ मा अर्जुनधारा नगरपालिका अन्तर्गत सञ्चालन गरिने योजना तथा कार्यक्रम तयार गरी नगर सभामा पेश गर्ने प्रत्येक वडा कार्यालयहरूलाई रु.८५,००,०००/- (पचासी लाख मात्र) बजेट सीमा तोकी आ-आफ्ना वडामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरू प्रस्ताव गरी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २.

यस ~~बजार~~ अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेका बजारहरुको व्यवस्थापन गर्नका लागि व्यवस्थापन समिति आवश्यक देखिएकाले यस नगर क्षेत्र भित्र पहिचान भएका बजारहरु वडा नं. १ को, मंगलबारे बजार वडा नं. ३ को खुदुनाबारी बजार, वडा नं. ५ को ~~खुदुना~~ बिहिबारे बजार, वडा नं. ८ को शनिश्चरे बजारको व्यवस्थापन समिति गठनका लागि सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा सम्बन्धित बजारका सरोकारवाला, उद्योग वाणिज्य संघ प्रतिनिधि, समाजसेवी समेतको सहभागिता रहेगरी र सम्बन्धित वडाका सचिव सदस्य सचिव रहनेगरी व्यवस्थापन समिति गठन गर्न निर्देशन दिने निर्णय गरियो। साथै, वडा नं. ११ मा रहेको बसपार्क एवं बजार व्यवस्थापनका लागि सम्बन्धित वडाध्यक्षले समिति गर्न निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३.

यस अर्जुनधारा नगरपालिकामा सञ्चालित स्थानिय शासन तथा सामाजिक परिचालन कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्दै आएको सहारा नेपाल, चारपाने झापासँग ~~से~~ कार्यक्रम सञ्चालन गर्न २०७४ श्रावण १ गते बाट लागु हुनेगरी २०७४ कार्तिक मसान्त सम्म ~~क~~ करार सम्झौता नविकरण गर्न नगर कार्यपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ४.

गएको श्रावण महिनामा आएको बाढीलाई नियन्त्रण गर्न बिरिङ्, टाङटिङ् नदिमा लगाइएको स्काभेटरको सञ्चालन खर्च बिल भरपाई एवं सम्बन्धित वडा अध्यक्षको सिफारिश अनुसार भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ५

कनकाई खेलकुद प्रतिष्ठानद्वारा आयोजना गरिने झापा जिल्ला दोस्रो नगर स्तरीय फुटबल प्रतियोगिता कनकाई कप २०७४ मा यस नगरपालिका बाट सहभागिता जनाउने खेलाडीहरुको पूर्वतयारी, सहभागिता ~~शुल्क~~ खर्च र सो प्रतिष्ठानलाई सहयोग बापत जम्मा रु. १,०५,०००।- (एक लाख पाँच हजार मात्र) खर्च गर्ने निर्णय गरियो।